जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - १९८ ❑ २०८३ साउन १४ गते बिहीबार ❑ Thursday, 30 July, 2026 ❑ मूल्य ७ /-



## गुरू पूर्णिमा : ज्ञान, संस्कार र आत्म परिवर्तनको पर्व

बबिता गेलाल

३

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा

**फाल्गुनन्द चौक**

फोन: ०२३-५७५४०९

ठुलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :

**देवीप्रसाद सिटौला**

(९८४२७६०२६५ / ९८२४९७९१८५)



बिर्तामोड:

**राजकुमार श्रेष्ठ**

९८०६०१०४१०

# लयमा फर्किंदै पूर्वको पर्यटन

विमल लामिछाने




**दमक**/नेपाल पर्यटन विकासका दृष्टीकोणले उपयुक्त मानिन्छ । कोरोना महामारीको बेला थलिएको पर्यटन ब्यवसाय पुन लयमा फर्किएको छ । पूर्वका पर्यटकीय क्षेत्रहरूमा आन्तरिक र वाह्य पर्यटकको आगमन बढ्दै जानुले पर्यटकीय ब्यवसाय फष्टाउने अपेक्षा सहजै गर्न सकिन्छ ।

आर्थिक वर्ष २०८२/८३ मा १२ लाखभन्दा बढी विदेशी पर्यटकको आगमनले कोरोना महामारी र त्यसपछिको शिथिलतापछि नेपाली पर्यटन उद्योग स्पष्ट रूपमा दिगो वृद्धितर्फ अघि बढेको संकेत गर्दछ । तथ्यांकलाई गहिरिएर विश्लेषण गर्दा यसले नेपाली पर्यटनको दायरा, क्षेत्रीय सम्भावना र आगामी दिशाबारे महत्वपूर्ण चित्र प्रस्तुत गर्दछ ।

कुल आगमनमा भारतको हिस्सा २५ दशमलव ७६ प्रतिशत अर्थात् ३ लाख ११ हजारभन्दा बढी रहनुले नेपालका लागि भारतीय बजार सधैँझैं मुख्य सहारा बनेको देखाउँछ । भारतका प्रमुख सहरहरूमा गरिएका १२ भन्दा बढी प्रवर्द्धनात्मक कार्यक्रम र सीमावर्ती क्षेत्रमा आयोजना गरिएका पर्यटकीय मार्ट तथा मेलाहरु यसका लागि प्रभावकारी सिद्ध भएका छन् । यस्तै, अमेरिका दोस्रो र चीन तेस्रो स्थानमा रहनुले परम्परागत र टाढाका बजारहरूबाट पनि नेपालप्रतिको आकर्षण कायमै रहेको पुष्टि गर्छ ।

अर्कातिर, पूर्वी नाका काँकरभिट्टाको तथ्यांकले स्थलमार्ग र क्षेत्रीय पर्यटनको महत्वलाई विशेष रूपमा उजागर गरेको छ । भिसा नचाहिने भारतीय पर्यटकबाहेक पनि ८६ देशका नौ हजार चार सय ४७ पर्यटक स्थलमार्ग हुँदै नेपाल भित्रिनु र त्यसमा ५३ प्रतिशत भुटानी नागरिक हुनुले क्षेत्रीय पर्यटनको ठूलो सम्भावना देखाउँछ । नेपाल, भुटान र भारतको उत्तर-पूर्वी क्षेत्रलाई समेटेर एकीकृत पर्यटकीय परिपथ बनाउन सके नेपालका यी र यस्ता स्थलमार्गहरु अझ चलायमान बन्न सक्छन् ।

कोशी प्रदेश सरकारले पर्यावरणीय गन्तव्यको सूचीमा १३ वटा र ट्रेकिङ ट्रेलको रूपमा १० वटा स्थान समावेश गरेको छ । सरकारको तथ्यांकअनुसार ३२ हजारले पर्यटन क्षेत्रमा रोजगारी पाएका छन् ।

सगरमाथाको कारण ४३ प्रतिशत बाह्य र ५७ प्रतिशत आन्तरिक पर्यटक छन् आउने गरेका छन् । कोशी प्रदेशको पूर्व र दक्षिणमा भारत, पश्चिममा मधेश र बागमती प्रदेश साथै उत्तरमा तिब्बत रहेको छ । सर्वोच्च शिखर सगरमाथादेखि नेपालकै होचो भूभाग कचनकवल पनि कोशी प्रदेशमै अवस्थित छ । सूर्योदय हेर्ने श्रीअन्तु डाँडादेखि सूर्यास्त हेर्ने कोशीटप्पु यही प्रदेशमा छन् ।

कन्याम भेडेटार, पाथिभरा मन्दिर, हलेसी, बराहक्षेत्रलगायत आन्तरिक पर्यटनका चर्चित क्षेत्र हुन् । सगरमाथा, मकालु, कञ्चनजंघा, ल्होत्से र चोयु हिमालले कोशी प्रदेशको पर्यटकीय सम्भावनालाई थप बढाएको छ । त्यससँगै फाल्गुनन्द ट्रेकिङ, मुन्दुम ट्रेल, सभापोखरी ट्रेक पर्यवरणीय पर्यटनको बलियो सम्भावना भएका क्षेत्र हुन् । तामोर रिभर र्‍याफ्टिङ पूर्वको सबैभन्दा साहसिक र रोचक मानिन्छ ।

तर, राष्ट्रिय स्तरमा १२ लाखभन्दा बढी पर्यटक आउँदा कञ्चनजंघा जस्ता प्रचुर सम्भावना बोकेका पूर्वी पदमार्गमा जम्मा एक हजार तीन सय ३१ जना मात्र विदेशी पुग्नुले पर्यटनको असमान वितरणलाई उजागर गरेको छ । नेपाल आउने अधिकांश पर्यटक अझै पनि काठमाडौँ, पोखरा, चितवन, अन्नपूर्ण र सगरमाथा क्षेत्रमै सीमित हुनु र यसले कञ्चनजंघा जस्ता उत्कृष्ट पर्यटकीय गन्तव्यमा पहुँचको सहजता, प्रचारप्रसार र पदयात्रा पूर्वाधारको कमी बाँकी ४ पेजमा ▸▸

# प्रदेश सरकारका ८ निर्णय, मृतक परिवारलाई २ लाख राहत

**दमक**/ सुनसरीको देवानगञ्ज गाउँपालिकामा भएको हिंसात्मक घटनापछि सामाजिक सद्भाव, शान्ति र सुरक्षा कायम गर्ने उद्देश्यले बसेको सर्वपक्षीय बैठकले आठबुँदे निर्णय गरेको छ । बैठकले घटनामा मृत्यु भएका ओमप्रकाश मेहताप्रति श्रद्धाञ्जली व्यक्त गर्दै परिवारप्रति समवेदना प्रकट गरेको छ भने घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ ।

बैठकले राजनीतिक, सामाजिक तथा प्रशासनिक पक्षबीच समन्वय गरी सामाजिक सद्भाव कायम गर्न पालिका तहमा सर्वदलीय तथा सर्वपक्षीय बैठक आयोजना गर्ने निर्णय गरेको छ । साथै, स्थानीय प्रशासनसँग समन्वय गरी समुदायस्तरमा मेलमिलाप र सद्भाव अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्न तथा सबै धार्मिक समुदाय र संघ-संस्थाले संयुक्त रूपमा शान्ति र सद्भावका लागि अपिल जारी गर्ने निर्णय पनि गरिएको छ ।

त्यसैगरी, सीमावर्ती क्षेत्रबाट कुनै पनि प्रकारका घुसपैठ वा अवाञ्छित गतिविधि हुन नदिन सुरक्षा सतर्कता बढाउने, घटनामा घाइतेहरूको उपचारको उचित व्यवस्था गर्न तथा मृतकका परिवारलाई राहत उपलब्ध गराउन संघीय सरकारसँग अनुरोध गर्ने निर्णय गरिएको छ ।

बैठकले यस्ता घटना अन्य जिल्लामा फैलिन नदिन प्रदेशस्तरीय निकाय र सम्बन्धित जिल्ला प्रशासन कार्यालयबीच आवश्यक समन्वय गर्ने व्यवस्था मिलाउने निर्णयसमेत गरेको छ ।

यसैबीच, प्रदेश सरकारले मृतकका परिवारलाई दुई लाख रूपैयाँ राहत उपलब्ध गराउने तथा आगजनीबाट जलेका घर, पसल, कबाड र घाइतेहरूको उपचार तथा राहतका लागि ५० हजार रूपैयाँसम्म उपलब्ध गराउने निर्णय गरेको बैठकले जनाएको छ ।

# मानव बेचबिखनविरूद्ध राष्ट्रिय दिवस आज

दमक । मानव बेचबिखन तथा ओसारपसारविरूद्ध नेपालमा आज १९औँ राष्ट्रिय दिवस विभिन्न जनचेतनामूलक कार्यक्रमका साथ मनाइँदैछ । देशभर नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीय तह तथा मानव बेचबिखनविरूद्ध अभियान सञ्चालन गर्दै आएका सरकारी तथा गैरसरकारी संस्थाको सहभागितामा सचेतनामूलक र्‍याली, अन्तरक्रिया र जनचेतना कार्यक्रम आयोजना गरिने भएको छ ।

यस वर्ष अन्तर्राष्ट्रिय मानव बेचबिखनविरूद्ध दिवसको नारा “Trapped Behind the Scam“ (ठगीको जालमा थुनिएका पीडित) रहेको छ । संयुक्त राष्ट्रसंघले पछिल्ला वर्षहरूमा अनलाइन ठगी, वैदेशिक रोजगारीका झुटा प्रलोभन र साइबर अपराधमार्फत हुने मानव बेचबिखन बढ्दै गएको भन्दै यस विषयमा विशेष सचेतना आवश्यक रहेको जनाएको छ ।

नेपालमा बालबालिका बेचबिखनविरूद्धको सार्क महासन्धि-२००२ अनुमोदन भएको दिनको स्मरणमा यो दिवस मनाउने गरिएको हो । सरकारले २०६४ सालदेखि यसलाई राष्ट्रिय दिवसका रूपमा मनाउँदै आएको छ ।

मानव बेचबिखन नेपालका लागि अझै गम्भीर सामाजिक तथा मानवअधिकारको चुनौतीका रूपमा रहेको छ । विशेषगरी गरिबी, बेरोजगारी, वैदेशिक रोजगारीको प्रलोभन, लैङ्गिक बाँकी ४ पेजमा ▸▸

# दमकमा ७ हजार बढी पिन्ट रगत संकलन

**दमक/** झापाको दमकमा पूर्वकै सवैभन्दा बढी रगत संकलन हुदै आएको पाईएको छ । झापाको दमकसहित विर्तामोड र भद्रपुरमा सञ्चालन हुदैआएको रक्तसञ्चार सेवा केन्द्रहरू मध्ये दमकमा रक्तदानमार्फत रगत संकलन हुने संख्या धेरै रहेको पाइएको हो ।

दमकको रक्तसञ्चार सेवा केन्द्रका प्रवर्द्धक सिद्धार्थ दाहालले पूर्वका आधा दर्जन बढी ब्लड बैंक मध्ये दमकको ब्लड बैंकमा विभिन्न संघसंस्थाहरूले नियमित गर्ने रक्तदान तथा स्वेच्छिक रूपमा डोनेशनमार्फत रगत जम्मा हुने संख्या धेरै रहेको जानकारी दिए । ब्लड बैकमा पुगेर रगतदान गर्नेको संख्या एक हजार ५ सय रहेको जनाईएको छ । दमकको उक्त ब्लड बैकमा गएको आर्थिक बर्षमा ७ हजार२ सय १९ पिन्ट रगत संकलन भएको छ । यो संख्या पूर्वकै उच्च रहेको उनले दावी गरे । केन्द्रका प्रवर्द्धक बाँकी ४ पेजमा ▸▸

# लागूऔषधसहित पक्राउ

**दमक**/ भारतबाट भित्र्याउँदै गर्दा ठूलो परिमाणमा लागूऔषधसहित एक भारतीय पक्राउ परेका छन् । जिल्ला झापा गाउँपालिका वडा नं ३ मुस्लिम टोलमा विशेष सूचनाको आधारमा खानतलासी गर्दा भारत बिहार किशनगन्ज थाना दिघलबैङ्क महमारी बस्ने २२ वर्षीय एमडी फारुकको साथबाट प्रतिबन्धित लागूऔषध ब्राउन सुगर फेला परेको थियो ।

उनको साथबाट प्लास्टिकसहित ५५ ग्राम ८७० मिलिग्राम र प्लास्टिकबाहेक ५० ग्राम ५० मिलिग्राम ब्राउन सुगर फेला परेको हो । उनलाई सोधपुछ गर्दा भारतको दिघलबैंक आफ्नै घरबाट बोकेर ल्याएको बताएका थिए । लागूऔषध, एक थान भिभो मोबाइल , बीआर ३७ एबी ५८५९ नम्बरको हिरो कम्पनीको मोटरसाइकलसहित उनलाई आवश्यक अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालय झापामा बुझाइएको छ ।

# ठक्करबाट वृद्धाको मृत्यु

**भद्रपुर**/ झापा भद्रपुरस्थित जिल्ला प्रशासन कार्यालयकै अगाडि कारको ठक्करबाट एक वृद्धाको मृत्यु भएको छ । बुधबार बिहान ११ बजे जिल्ला प्रशासन कार्यालयमा काम सकेर बाहिर निस्किदै गरेकी भद्रपुर ९ बस्ने ९२ वर्षीया धनमाया खड्कालाई कारागार कार्यालयबाट आउँदै गरेको प्र १-०१-००२ च ०००५ न.को सेतो कारले ठक्कर दिएको थियो ।

गम्भीर घाइते खड्कालाई कार चालकले सोही गाडीमा लिई उपचारको लागि ओमसाई पाथिभरा अस्पतालमा लगि चेकजाँच गर्दा डाक्टरले मृत घोषणा गरेका थिए ।

# दुई पुरुषको शव फेला

दमक । झापामा एक वेवारिसेसहित दुई पुरूषको शव फेला परेको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार झापाको दमक नगरपालिका-९ स्थित एमाले पार्टी कार्यालय नजिकैको खोल्सोमा सोहि वडाका ४५ वर्षीय रमेश दर्जी र बिर्तामोड नगरपालिका-८ स्थित देउनिया खोलाको पुलमुनि एक बेवारिसे पुरूषको शव फेला परेको छ । दर्जीको बुधबार बिहान खोल्सीमा घोप्टो अवस्थामा शव फेला परेको थियो । घटनाको कारण खुल्न बाँकी रहेको बाँकी ४ पेजमा ▸▸

# सुनसरी घटनामा दलहरूको सातबुँदे अपील

दमक । सुनसरीको देवानगञ्ज घटनापछि उत्पन्न तनाव र समसामयिक अवस्थाबारे छलफल गर्न बुधबार सिंहदरबारमा सर्वदलीय बैठक सम्पन्न भएको छ । बैठकले देशमा शान्ति, सुरक्षा र सामाजिक सद्भाव कायम गर्न सबै राजनीतिक दल एकजुट हुनुपर्नेमा जोड दिंदै सातबुँदे संयुक्त अपिल जारी गरेको हो ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा, श्रम संस्कृति पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनमत पार्टी र जसपा नेपालका शीर्ष नेताहरूको सहभागितामा भएको बैठकपछि जारी वक्तव्यमा सुनसरीसहित विभिन्न जिल्लामा भएका दु:खद घटनाप्रति गम्भीर चासो व्यक्त गरिएको छ । घटनामा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली, शोकसन्तप्त परिवारप्रति समवेदना तथा घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको छ ।

संयुक्त अपिलमा धार्मिक सहिष्णुता, सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई कायम राख्न बाँकी ४ पेजमा ▸▸

# पुरानो सिक्का देखाएर ठगी गर्ने पक्राउ

**भद्रपुर**/ प्रहरीले कुनै पनि वस्तु रातारात करोडौंमा बिक्री हुने वा अस्वाभाविक नाफा हुने प्रलोभनमा परी आर्थिक कारोबार नगर्न आमनागरिकलाई अनुरोध गरेको छ ।

पुरानो तामा वा धार्मिक आकृति भएको सिक्का देखाएर अस्वाभाविक मूल्यमा बिक्री हुने प्रलोभनमा पारी ठगी गर्ने गिरोह झापामा सक्रिय भएका छन् । ठगी धन्दामा संलग्न रहेको आरोपमा जिल्ला प्रहरी कार्यालय झापाले यसै साता तीन जनालाई नियन्त्रणमा लिएको छ ।

पक्राउ पर्नेहरूमा दुई भारतीय नगरिक र एक नेपाली रहेका छन् । भारतको किसनगन्ज घर भएका ३१ वर्षीय नाजबुल अन्सारी र २४ वर्षीय सरफराज मियाँलाई प्रहरीले झापाको हल्दिबारी गाउँपालिका-१ गोलधाप क्षेत्रबाट पक्राउ गरेको छ । यस्तै, बाह्रदशी गाउँपालिका-७ रुपनचवारी क्षेत्रबाट भगवान्को आकृति भएका चारवटा सिक्कासहित बाँकी ४ पेजमा ▸▸

# सिँचाइ योजना निर्माणपछि पूर्वी पहाडका कृषक उत्साहित



**इलाम/** इलामको फाकफोकथुमका कृषक खेतबारीमा पुग्ने कुलो बनिएसँगै उत्साहित भएका छन् । स्विस सरकारको सहयोग, स्थानीय, प्रदेश र संघीय सरकारको साथै उपभोक्ताको समेत साझेदारीमा गाउँमा पक्की कुलो निर्माण भएपछि इलामको फाकफोकथुमका कृषक मिलेर आआफ्नो खेतीबालीमा सिँचाइ गर्न थालेका छन् ।

इलामको फाकफोकथुम-६, हाङमाचुलीका इन्द्र श्रेष्ठलाई यो वर्ष खेतबारीमा पानी लगाउन निकै सजिलो भएको छ । बर्सेनि पैसा खर्च गर्दै कुलोको रूँगालो राख्नुपर्ने हुन्थ्यो तर अब त्यो झन्झट हटेको बताए । बाँकी ४ पेजमा ▸▸

**जनावरबाट सर्ने रोगविरूद्ध सावधानी अपनाऔं**

- जनावरसँगको सम्पर्कमा सावधानी अपनाऔं,
- जनावर छोएपछि साबुनपानीले हात सफा गर्ने बानी बसालौं,
- पशुपन्छीको स्वास्थ्यमा नियमित ध्यान दिऔं,
- अस्वस्थ वा मरेका जनावरको सम्पर्कबाट टाढा रहौं,
- पशुजन्य खाद्य पदार्थ राम्ररी पकाएर मात्र खाने गरौं,
- पशुबाट मानिसमा सर्न सक्ने रोगबारे सचेत बनौं,
- जनावरमा असामान्य लक्षण देखिएमा सम्बन्धित निकायलाई जानकारी गराऔं।

*जनावरको स्वास्थ्य, मानव स्वास्थ्यसँग जोडिएकोले सावधानी अपनाऔं*

**नेपाल सरकार**
विज्ञापन बोर्ड

# सम्पादकीय

## झापामा स्थानीय तह पुनरावलोकनको बहस

नेपालको संघीय प्रशासनिक संरचनालाई अझ बढी प्रभावकारी, जनमुखी र मितव्ययी बनाउने उद्देश्यका साथ स्थानीय तहको संख्या तथा सीमाना हेरफेर गर्ने प्रक्रिया अगाडि बढेको छ । यसैक्रममा जिल्लास्तरीय पुनरावलोकन अध्ययन समिति झापाद्वारा आयोजित सर्वपक्षीय छलफलले यस विषयलाई सतहमा ल्याएको छ । हाल १५ वटा स्थानीय तह (आठ नगरपालिका र सात गाउँपालिका) रहेको झापामा सुरू भएको यो बहसले प्रशासनिक पुनर्संरचनाको व्यावहारिक पाटो र कानुनी जटिलता दुवैलाई प्रष्ट्याएको छ ।

छलफलका क्रममा उठेका विषयहरुले संघीयता कार्यान्वयनको समीक्षा गर्ने यो सुवर्ण अवसर हो भन्ने संकेत गर्छन् । वक्ताहरुले उठाएझैँ सरकारले जारी गरेको हालको मापदण्ड कतिपय स्थानमा व्यावहारिक नहुन सक्छ । त्यसैले, मापदण्ड समयसापेक्ष बनाइनु वा संशोधन गरिनु वाञ्छनीय देखिन्छ । यद्यपि, स्थानीय तहको संख्या र सीमाना हेरफेर जस्तो संवेदनशील विषयलाई सतही रुपमा वा दलीय राजनीतिको दाउपेचको विषय बनाइनु हुँदैन । यसका लागि सहभागीहरुले औंल्याएझैँ बृहत् राजनीतिक सहमति अनिवार्य सर्त हो ।

कानूनी प्रावधानअनुसार सीमाना हेरफेरका लागि सम्बन्धित स्थानीय तहमा दुई तिहाइ बहुमत र पालिका गाभ्न (मर्ज) साधारण बहुमतको आवश्यकता पर्ने व्यवस्था छ । यो प्रक्रियाले कानुनी वैधता त प्रदान गर्छ, तर यसको सफलता स्थानीय स्तरका जनप्रतिनिधि, राजनीतिक दल, नागरिक समाज र आम सर्वसाधारणको स्वामित्व र सहभागितामा निर्भर गर्दछ । कुनै पनि प्रशासनिक परिवर्तनले जनतालाई दिने सेवाको सुलभता, विकासको गतिशीलता र प्रशासनिक लागतलाई न्यून गर्ने लक्ष्य राख्नुपर्छ ।

जिल्लाका सबै स्थानीय तह, राजनीतिक दल र सरोकारवालाबाट प्राप्त सुझावलाई इमानदारीपूर्वक समेटेर अगाडि बढ्नुपर्ने देखिन्छ । झापामा सुरू भएको यो सर्वपक्षीय बहसले स्थानीय सुशासनलाई बलियो बनाउन तथा जनताको अपेक्षा र राज्यको नीतिबीचको दूरीलाई कम गर्न मद्दत पुगोस् भन्ने नै आजको मुख्य अपेक्षा हो ।

# नयाँ आर्थिक मार्ग



✍ नवराज ढकाल

**आर्थिक कूटनीति २.० ः अर्थतन्त्र बलियो बनाउन र अन्तर्राष्ट्रिय आर्थिक तथा लगानी बढाउन नेपालले आर्थिक कूटनीतिलाई महत्व दिँदै आएको छ । एक दशकअघिसम्म कूटनीतिक सफलताको मापन राजनीतिक सम्बन्ध, भ्रमणहरुको आदानप्रदान, विकास सहायता, ब्यापार र लगानीबाट गरिन्थ्यो । अहिले त्यसको मापन निर्यात वृद्धि, प्रत्यक्ष वैदेशिक लगानी ( एफडिआई), प्रविधि हस्तान्तरण, डाटा ब्यवस्थापन, एआई, ऊर्जा ब्यापार, पर्यटन र नवप्रवर्तनमा हुने वैदेशिक सहभागिताबाट हुन थालेको छ ।**

नेपालले विसं २०४८ पछि पहिलो चरणको आर्थिक उदारीकरण, निजीकरण, बजारमुखी नीति, विदेशी लगानीको खुलापन तथा वित्तीय क्षेत्र सुधारलाई अघि बढायो । यसले निजी क्षेत्रको विस्तार, वित्तीय पहुँच र सेवाक्षेत्रमा वृद्धि ल्याए पनि अपेक्षित रुपमा उत्पादन, रोजगारी, निर्यात र औद्योगिकीकरणमा उल्लेखनीय उपलब्धि हासिल हुन सकेन ।

तसर्थ नेपालले हालै दोस्रो चरणको पनि आर्थिक सुधारको सुरूवात गर्ने घोषणा गरेको छ । दोस्रो चरणको आर्थिक सुधारले पहिलो चरणको उदारीकरणमुखी सुधारलाई निरन्तरता दिँदै अर्थतन्त्रलाई उत्पादनमुखी, प्रविधिमैत्री र विश्व अर्थतन्त्रसँग अझ प्रभावकारी रुपमा जोड्ने नीतिगत रुपान्तरणलाई प्राथमिकता दिन्छ । यसले शासन र नियामकीय सुधार, डिजिटल अर्थतन्त्र र नवप्रवर्तन, स्टार्टअप, कृत्रिम बुद्धिमत्ता (एआई) र सूचना प्रविधि, हरित तथा दिगो विकास, हरित वित्त र मानव पुँजी जस्ता क्षेत्रको विकास र प्रवर्धनमा राज्यको प्रभावकारी तथा समन्वयकारी भूमिकाको माग गर्छ । दोस्रो चरणको आर्थिक सुधारमा महत्वपूर्ण हुने अन्तर्राष्ट्रिय सहकार्यका लागि 'आर्थिक कूटनीति २.०' को रणनीतिक कार्यान्वयन आवश्यक हुन्छ ।

नेपालको आन्तरिक अर्थव्यवस्था अन्तर्गत अर्थतन्त्रका केही सूचक उत्साहजनक छन् । विप्रेषण निरन्तर बढिरहेको छ । विदेशी मुद्रा सञ्चिति सुदृढ छ र पर्यटन तथा जलविद्युत् क्षेत्र विस्तार भइरहेको छ । यसको विपरीत नेपालको वस्तु व्यापार घाटा जिडिपीको एक चौथाइभन्दा बढी छ । निर्यातको आधार सीमित वस्तुमा केन्द्रित छ । वैदेशिक लगानी न्यून छ । विप्रेषण उपभोगमुखी छ । ब्याजदर कम भए पनि निजी क्षेत्रले तरलताको माग र उपयोग गरिरहेको छैन फलस्वरुप लगानी विस्तार र रोजगारी सिर्जना भएको छैन । यी तथ्यहरूले नेपालको मुख्य आर्थिक चुनौती तरलता नभई नियामकीय प्रबन्धको अधिकतालगायतका संरचनात्मक समस्या हुन् भन्ने देखिन्छ । दोस्रो चरणको सुधारले संरचनात्मक विषयलाई सम्बोधन गर्ने अपेक्षा लिन सकिन्छ ।

आर्थिक कूटनीति २.० : अर्थतन्त्र बलियो बनाउन र अन्तर्राष्ट्रिय आर्थिक तथा लगानी बढाउन नेपालले आर्थिक कूटनीतिलाई महत्व दिँदै आएको छ । एक दशकअघिसम्म कूटनीतिक सफलताको मापन राजनीतिक सम्बन्ध, भ्रमणहरूको आदानप्रदान, विकास सहायता, व्यापार र लगानीबाट गरिन्थ्यो । अहिले त्यसको मापन निर्यात वृद्धि, प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई), प्रविधि हस्तान्तरण, डाटा व्यवस्थापन, एआई, ऊर्जा व्यापार, पर्यटन र नवप्रवर्तनमा हुने वैदेशिक सहभागिताबाट हुन थालेको छ ।

यही परिवर्तित विश्व परिवेशमा नेपालले पनि आर्थिक कूटनीतिको पहिलो पुस्ताको परम्परागत पद्धतिलाई परिमार्जन गरी दोस्रो पुस्ताको 'आर्थिक कूटनीति २.०' तय गरी कार्यान्वयन गर्नु पर्छ । 'आर्थिक कूटनीति २.०' ले कूटनीतिलाई राजनीतिक सम्बन्ध, लगानी र निर्यात प्रवर्धनमा मात्र सीमित नराखी ज्ञान, प्रविधि, डिजिटल अर्थतन्त्र र नवप्रवर्तन, स्टार्टअप, कृत्रिम बुद्धिमत्ता (एआई) र सूचना प्रविधि, हरित विकास वित्त र मानव पुँजीको विकास तथा उच्च मूल्यका सेवामा हुने अन्तर्राष्ट्रिय सहकार्यलाई मुख्य अवयवका रुपमा लिएको हुन्छ । साथै यसले विदेशस्थित नियोगलाई 'आर्थिक कूटनीति २.०' मार्फत आर्थिक अवसर सिर्जना गर्ने सक्रिय निकायका रुपमा परिचालन गर्ने नीतिसमेत लिएको हुन्छ । नेपालले 'आर्थिक कूटनीति २.०' मार्फत देहायबमोजिमका नयाँ आर्थिक क्षेत्रलाई आˆनो कूटनीतिक प्राथमिकतामा समावेश गरी प्रवर्धन गर्न सक्छ ।

डिजिटल ब्यापार र लगानी : डिजिटल सेवा निर्यातको विश्व बजार तीव्र गतिमा विस्तार भइरहेको छ । सˆटवेयर विकास, क्लाउड सेवा, साइबर सुरक्षा, फिनटेक, बिजनेस प्रोसेस आउटसोर्सिङ (बिपिओ) र डिजिटल क्रिएटिभ उद्योगमा नेपाली युवाको ठुलो सम्भावना छ । भौगोलिक सीमाले अब डिजिटल सेवाको ब्यापार रोक्दैन । नेपालले पनि डिजिटल सेवा निर्यातलाई परराष्ट्र नीतिको प्राथमिकतामा राख्न सक्नु पर्छ ।

कृत्रिम बुद्धिमत्ता (एआई) : विश्व अहिले एआई पूर्वाधार, कम्प्युटिङ क्षमता, अनुसन्धान र प्रतिभाका लागि प्रतिस्पर्धा गरिरहेको छ । नेपालले एआई प्रयोगकर्ता मात्र होइन; एआई समाधान विकास गर्ने, नेपाली भाषाको ठुलो भाषा मोडेल निर्माण गर्ने, सरकारी सेवा डिजिटल रुपान्तरण गर्ने र एआई स्टार्टअप आकर्षित गर्ने रणनीति बनाउनु पर्छ । यसका लागि विश्वका अग्रणी प्रविधि कम्पनी, विश्वविद्यालय र अनुसन्धान संस्थासँग रणनीतिक सहकार्य आवश्यक हुन्छ ।

डाटा अर्थतन्त्र भविष्यमा डाटा अति आवश्यक पूर्वाधारका रुपमा विकास हुने अवस्था देखिइसकेको छ । नेपालको चिसो मौसम, जलविद्युत्को प्रचुरता र भौगोलिक अवस्थिति हरित डेटा सेन्टर स्थापनाका लागि अनुकूल मानिन्छ । विश्वस्तरीय डेटा संरक्षण कानुन, भरपर्दो विद्युत्, उच्च गतिको अन्तर्राष्ट्रिय इन्टरनेट र लगानीमैत्री नीति विकास गरी नेपाल दक्षिण एसियाको हरित डेटा हब बन्न सक्छ । यसले सूचना प्रविधि सेवा, क्लाउड कम्प्युटिङ र डिजिटल लगानीका नयाँ ढोका खोल्ने छ । प्रविधिको विकासमार्फत सिर्जना भएको यो अभूतपूर्व अवसरबाट लाभ लिन र अन्तर्राष्ट्रिय आबद्धता सुनिश्चित गर्न कूटनीतिक २० महत्वपूर्ण हुने छ ।

नयाँ ब्यापार र लगानी उपकरण : नेपालले अब परम्परागत मुक्त व्यापार सम्झौता (एफटिए) वा प्राथमिकतामूलक ब्यापार सम्झौता (पिटिए) भन्दा फराकिलो आर्थिक साझेदारीको अवधारणामा प्रवेश गर्नु पर्छ । त्यसका लागि भारत र चीन तथा अन्य सम्भाव्य व्यापार र लगानी साझेदारहरूसँग 'लगानी, साझेदारी तथा व्यापार सम्झौता' जस्तो नयाँ ढाँचामा छलफल अघि बढाउन सकिन्छ । यसले ब्यापार, लगानी, सेवा ब्यापार, डिजिटल ब्यापार, सीमापार विद्युतीय भुक्तानी, ऊर्जा, पर्यटन, स्टार्टअप, अनुसन्धान, नवप्रवर्तन, सिप विकास, सीमा पूर्वाधार, मापदण्ड, डिजिटल कनेक्टिभिटी र आपूर्ति शृत्ललाई एउटै रणनीतिक रुपरेखामा समेट्ने छ । साथै यसले नेपालको भूराजनीतिक अवस्थितिलाई भौगोलिक लाभांशका रुपमा परिवर्तन गरी आर्थिक सहकार्यको केन्द्र बनाउन मद्दत गर्छ । भारत र चीनसँग गरिने यस्ता सम्झौताले व्यापार र लगानीका क्षेत्रमा हाल अनुभव गरिएका कठिनाइको दिगो समाधान दिन्छ । नेपालका व्यापार र लगानी साझेदारमध्ये भारतसँग ऊर्जा, कृषि, डिजिटल भुक्तानी, पर्यटन र उत्पादन शृत्लामा गहिरो सहकार्य सम्भव छ भने चीनसँग पूर्वाधार, उत्पादन, प्रविधि, ई कमर्स, अनुसन्धान तथा पर्यटन क्षेत्रमा नयाँ अवसर छन् । दुवै छिमेकीसँग सन्तुलित आर्थिक साझेदारी निर्माण गर्नु नेपालको दीर्घकालीन हितमा हुने छ ।

नेपालको अर्को महत्वपूर्ण शक्ति जलविद्युत् हो । जलिविद्युत् ऊर्जा अब केवल वस्तु होइन, यो रणनीतिक प्रभाव र डिजिटल अर्थतन्त्रको महत्वपूर्ण आधार पनि हो । विगतमा हामीले जलस्रोतलाई विद्युत् उत्पादनको विषयका रुपमा मात्र हेर्‍यौं, अब यसलाई बहुपक्षीय जल कूटनीतिका रुपमा विकास गर्नु पर्छ । भारत हुँदै बंगालादेशमा विद्युत् निर्यात सुरू हुनु सकारात्मक संकेत भए पनि यसलाई क्षेत्रीय ऊर्जा बजार निर्माणतर्फ विस्तार गर्न कूटनीतिक पहलकदमी लिनु आवश्यक छ । नेपालले दीर्घकालीन विद्युत् खरिद सम्झौता, सीमापार प्रसारण लाइन, हरित हाइड्रोजन, ब्याट्री भण्डारण तथा ऊर्जामा आधारित औद्योगिकीकरणलाई आर्थिक कूटनीतिको प्राथमिकतामा राख्नु पर्छ ।

त्यसै गरी 'पानी अर्थतन्त्र' लाई पनि नयाँ दृष्टिकोणबाट हेर्नुपर्ने समय आएको छ । विश्वका धेरै मुलुकमा पानी रणनीतिक सम्पत्ति बन्दै गएको सन्दर्भमा नेपालले आˆनो जलभण्डारलाई केवल खानेपानी वा सिँचाइको स्रोत वा जलविद्युत् उत्पादनमा मात्र सीमित नराखी यसलाई उच्च मूल्यको बोतलबन्द पानी, अल्काइन कालो पानी, जल पर्यटन, जलवायु वित्त, नदी व्यवस्थापन तथा क्षेत्रीय जल सहकार्यको आधारका रुपमा विकास गर्न सक्ने पर्याप्त सम्भावना छ । नेपालले पानीलाई पारस्परिक लाभका आधारमा सहकार्य र आर्थिक मूल्य सिर्जनाको स्रोतका रुपमा प्रस्तुत गर्न सक्नु पर्छ ।


यसै गरी नेपालले जलवायु वित्त कूटनीतिलाई पनि प्राथमिकतामा राख्नु पर्छ । नेपाल विश्वब्यापी हरितगृह ग्यास उत्सर्जनमा नगण्य योगदान गर्ने मुलुक भए पनि जलवायु परिवर्तनको असर सबैभन्दा बढी भोग्ने देशमध्ये पर्छ । हिमनदी पग्लिने, बाढीपहिरो बढ्ने र कृषि उत्पादन प्रभावित हुने चुनौतीबिच नेपालले अन्तर्राष्ट्रिय जलवायु कोष, कार्बन बजार, हरित लगानी र प्रकृतिमा आधारित समाधानका लागि सक्रिय आर्थिक कूटनीति सञ्चालन गर्नु पर्छ । यसै गरी जनशक्ति कूटनीतिमार्फत श्रम निर्यातबाट ज्ञान, सिप र नवप्रवर्तन निर्याततर्फ कदम चाल्न सकिन्छ । साथै अनुसन्धान, लगानी र प्रविधि प्राप्तिका लागि विदेशी विश्वविद्यालय, अनुसन्धान संस्था, प्रविधि कम्पनी र वैज्ञानिकसँग दूतावासमार्फत सहकार्य गरी 'आर्थिक कूटनीति २.०' को अवधारणा कार्यान्वयनमा सहयोग पुर्‍याउन सकिन्छ ।

विदेशनीति आन्तरिक नीतिको विस्तार भएकाले आर्थिक कूटनीति सफल बनाउन विदेशमा मात्र सक्रिय भएर पुग्दैन; देशभित्र पनि आवश्यक पूर्वाधार विकास, उपयुक्त कानुनी प्रबन्ध र प्रशासनिक सहजीकरण आवश्यक हुन्छ । 'आर्थिक कूटनीति २.०' कार्यान्वयन गर्न नेपालले तत्काल केही रणनीतिक कदम चाल्नु पर्छ; जसमा 'राष्ट्रिय आर्थिक कूटनीति २.०' को रणनीति निर्माण तथा कार्यान्वयन, हरित डेटा सेन्टर तथा डिजिटल सेवा केन्द्रका लागि कानुनी र संस्थागत प्रबन्ध, हरित वित्तका लागि अन्तर्राष्ट्रिय पैरवीलगायतका पूर्वाधार विकासमा पर्याप्त ध्यान दिनु आवश्यक छ । यसै गरी ऊर्जा, पानी, एआई र डिजिटल सेवालाई थप सुविधासहित निर्यातयोग्य वस्तुको प्राथमिकतामा राखी भौतिक अभौतिक वस्तु तथा सेवा ब्यापारका लागि भारत र चीनसँग विस्तृत लगानी, साझेदारी तथा ब्यापार सम्झौता (सिआइपिटिए) गर्नु पर्छ ।

साथै प्रवासी नेपालीको ज्ञान, लगानी र अन्तर्राष्ट्रिय सञ्जाल उपयोग गर्न संस्थागत संयन्त्र स्थापना तथा जलवायु वित्त र हरित लगानी आकर्षित गर्न 'आर्थिक कूटनीति २.०' अभियान चलाउन सकिन्छ । प्रत्येक दूतावासलाई आवश्यक जनशक्ति र बजेट उपलब्ध गराई ब्यापार, लगानी, पर्यटन र डिजिटल सेवा प्रवर्धनका मापनयोग्य लक्ष्य प्राप्त गर्न उत्प्रेरित गर्नु पर्छ । आजको भूअर्थनीतिको युगमा नेपालले आˆनो भूराजनीतिक अवस्थितिलाई बजारसँग, स्रोतलाई प्रविधिसँग र कूटनीतिलाई समृद्धिसँग जोड्न 'आर्थिक कूटनीति २.०' प्रभावकारी उपकरण बन्न सक्छ ।

# धर्मका कुरा

## शवलाई किन सेतो कपडाले ढाकिन्छ ?



दमक/ हिन्दु समुदायमा अन्तिम संस्कारका क्रममा सेतो कपडा नै ओढाउने गरिन्छ । यसो किन गरिन्छ भनेर के तपाईंले कहिल्यै सोंच्नुभएको छ ? आज ज्योतिष विशेषज्ञबाट जानौं आखिर शवलाई किन सेतो कपडाले ढाकिन्छ भनेर- विशेषगरी हिन्दु धर्ममा सेतो रंगलाई पवित्रता, शान्ति र शोकको रंग मानिन्छ ।

शास्त्रहरूका अनुसार पनि सेतो कपडालाई व्यक्तिको अन्तिम वस्त्रको रूपमा मान्ने गरिन्छ । यस्तोमा मृत शरीरलाई सधैं सेतो रंगको कपडाले ढाक्ने गरिन्छ ।

मृत व्यक्तिलाई कहिल्यै पनि कालो रंगको कपडाले बेरिँदैन किनकी यसले नकारात्मक ऊर्जा ल्याउने गर्छ । कफन मूलरूपमा अरबी भाषाको शब्द हो । यसलाई संस्कृतमा शव आच्छादनम भनिन्छ ।

हिन्दु धर्म संस्कारमा सेतो रंगलाई विशेष महत्व दिइन्छ । यसलाई दुःख मनाउने रंगको रूपमा पनि लिने गरिन्छ । यो एकदमै आम रंग हो जसलाई हिन्दु धर्ममा पवित्रताको प्रतिक पनि मानिन्छ । विज्ञानका हिसावले पनि सेतो कपडामा फोहोर छिट्टै देखिन्छ । र सेतो कपडाले आँखालाई प्रत्यक्ष असर गर्दैन । मान्छे मर्दा धेरै मानिस र आफन्तको जमघट हुने हुँदा अरू रंगमा कतिपयको आँखा रि फ्लाक्सन अफ लाइटको समस्या पनि हुन सक्छ जसले गर्दा सेतो नै प्रयोजनमा ल्याइएको हो । ०

# गुरू पूर्णिमा : ज्ञान, संस्कार र आत्मपरिवर्तनको पर्व



बबिता गेलाल



आधुनिक युगमा सूचना र ज्ञानको पहुँच अभूतपूर्व रुपमा विस्तार भएको छ । इन्टरनेट, कृत्रिम बुद्धिमत्ता र डिजिटल माध्यमले केही सेकेन्डमै हजारौँ जानकारी उपलब्ध गराउँछन् । तर जानकारी र ज्ञान एउटै कुरा होइन । जानकारीले तथ्य दिन्छ, तर ज्ञानले सही निर्णय गर्ने विवेक दिन्छ । यही विवेकको मार्ग देखाउने व्यक्ति नै गुरू हुन् । त्यसैले गुरू पूर्णिमा कुनै धार्मिक अनुष्ठान मात्र होइन, ज्ञान, संस्कार र आत्मपरिवर्तनको सम्मान गर्ने दिन पनि हो ।

आषाढ शुक्ल पूर्णिमाका दिन मनाइने गुरू पूर्णिमा महर्षि वेदव्यासको स्मृतिसँग जोडिएको छ । वेदको वर्गीकरण, महाभारतको रचना र पुराणहरूको सम्पादनमार्फत वेदव्यासले ज्ञानलाई पुस्तान्तरण गर्ने आधार निर्माण गरे । त्यसैले उनलाई 'आदि गुरू'का रुपमा सम्मान गरिन्छ । यही कारण यो दिनलाई व्यास पूर्णिमा पनि भनिन्छ ।

नेपाली समाजमा गुरू भन्नासाथ विद्यालयका शिक्षक सम्झिने गरिन्छ । तर हाम्रो सांस्कृतिक परम्परामा गुरूको अर्थ धेरै व्यापक छ । जसले जीवनमा सही बाटो देखाउँछ, नैतिकता सिकाउँछ, अन्धविश्वासबाट मुक्त गराउँछ र व्यक्तित्व निर्माणमा योगदान पुर्‍याउँछ, ऊ गुरू हो । यस अर्थमा आमाबुवा, शिक्षक, आध्यात्मिक मार्गदर्शक, समाजका अग्रज वा जीवनका अनुभवसमेत मानिसका गुरू बन्न सक्छन् ।

गुरू(शिष्य सम्बन्धको सार श्रद्धा र अनुशासनमा आधारित हुन्छ । श्रद्धा भनेको अन्धभक्ति होइन, सिक्ने इच्छा र मार्गदर्शन स्वीकार गर्ने विनम्रता हो । शिष्यले प्रश्न गर्न पनि सिक्नुपर्छ र गुरूले उत्तर मात्र होइन, सोच्ने क्षमता पनि विकास गरिदिनुपर्छ । वास्तविक गुरू त्यही हो, जसले अनुयायी होइन, स्वतन्त्र चिन्तक तयार पार्छ ।

आज शिक्षा प्रणालीमा ज्ञानभन्दा परीक्षा, अंक र प्रमाणपत्रको प्रतिस्पर्धा बढिरहेको छ । यस्तो अवस्थामा गुरूको भूमिका अझ जिम्मेवार बनेको छ । शिक्षकले पाठ्यपुस्तक मात्र पढाउने होइन, इमानदारी, सहिष्णुता, जिम्मेवारी र मानवीय मूल्य पनि सिकाउनुपर्छ । समाजले पनि शिक्षकलाई केवल कर्मचारीका रुपमा होइन, भावी पुस्ता निर्माण गर्ने अभियन्ताका रुपमा सम्मान गर्न आवश्यक छ ।

गुरू पूर्णिमाले शिष्यलाई पनि आत्ममूल्यांकन गर्ने अवसर दिन्छ । हामीले आˆना गुरूबाट के सिक्यौँ, त्यो ज्ञानलाई जीवनमा कति उतार्न सक्यौँ भन्ने समीक्षा यही दिनको मुख्य सन्देश हो । गुरूको सम्मान फूल, माला वा उपहारले मात्र पूरा हुँदैन; उनले दिएको ज्ञानलाई व्यवहारमा उतार्नु नै सच्चा श्रद्धाञ्जली हो ।

आजको समाजमा गुरूको सम्मानसँगै असली र नक्कली मार्गदर्शक छुट्याउने विवेक पनि आवश्यक छ । प्रभावशाली भाषण गर्ने वा ठूलो भीड जम्मा गर्ने व्यक्ति मात्र गुरू हुँदैन । जसले सत्य, नैतिकता, मानवता र विवेकको बाटो देखाउँछ, त्यही गुरू सम्मानका योग्य हुन्छ ।

गुरू पूर्णिमाको सन्देश स्पष्ट छ(ज्ञानले मात्र मानिसलाई उज्यालोतर्फ डोर्‍याउँछ र त्यो ज्ञान सही गुरूबाट प्राप्त हुन्छ । त्यसैले यो पर्व केवल धार्मिक आस्थाको विषय होइन, सभ्य, नैतिक र जिम्मेवार समाज निर्माण गर्ने प्रेरणाको दिवस पनि हो । गुरूप्रतिको सम्मानले मात्र होइन, गुरूबाट प्राप्त ज्ञानलाई जीवनमा आत्मसात् गर्न सके गुरू पूर्णिमाको वास्तविक अर्थ सार्थक हुन्छ ।

- इटहरी, सुनसरी

# ओखर आयातमा अस्वाभाविक वृद्धि



दमक । पछिल्लो समय नेपालमा ओखर आयातमा अस्वाभाविक बृद्धि आएको छ । भर्खरै सकिएको आर्थिक वर्ष २०८२/८३ मा ओखर आयात परिमाण र मूल्य दुवैमा अघिल्लो आव २०८१/८२ भन्दा दोब्बर बढी आएको सरकारी तथ्यांकले देखाउँछ । भन्सार विभागको तथ्यांकअनुसार एक वर्षमै ओखर आयात परिमाण र मूल्य दुवैमा दोब्बरभन्दा बढी वृद्धि भएको छ । आयात बढेसँगै भन्सार राजस्व पनि उल्लेख्य बढेको भए पनि यसको पछाडि केवल आन्तरिक माग नभई पुनः निर्यात (रे-एक्सपोर्ट) को सम्भावना र छिमेकी भारतको उच्च भन्सार नीतिसमेत मुख्य कारणका रूपमा हेरिएको छ ।

भन्सार विभागका अनुसार गत आर्थिक वर्षमा नेपालले ३ अर्ब ५३ करोड ६६ लाख ९२ हजार रूपैयाँ बराबरको ९४ लाख ८ हजार २६२ किलो (९ हजार ४०८ टन) ओखर आयात गरेको छ । अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा भने १ अर्ब ५२ करोड ३१ लाख ८४ हजार रूपैयाँ बराबरको ४३ लाख ३१ हजार ३१५ किलो मात्र ओखर आयात भएको थियो । यस आधारमा एक वर्षमै आयात परिमाण ११७ प्रतिशत र आयात मूल्य १३२ प्रतिशत ले बढेको देखिन्छ ।

ओखर आयातसँगै सरकारले उठाउने भन्सार राजस्व पनि बढेको छ । आर्थिक वर्ष २०८१/८२ मा ओखरबाट ६२ करोड ९६ लाख रूपैयाँ राजस्व संकलन भएकोमा गत वर्ष यो बढेर ८६ करोड १५ लाख रूपैयाँ पुगेको छ ।

पछिल्लो एक दशकको तथ्यांकले पनि ओखर आयात निरन्तर उकालो लागेको देखाउँछ । आर्थिक वर्ष २०७२/७३ मा नेपालले करिब ५ करोड रूपैयाँ बराबरको २ लाख ४१ हजार ८८४ किलो ओखर आयात गरेको थियो । त्यसयता हरेक वर्ष आयात बढ्दै गएको छ । २०७७/७८ मा पहिलो पटक ओखर आयात एक अर्ब रूपैयाँ नाघेको थियो भने अहिले तीन अर्ब रूपैयाँभन्दा माथि पुगेको छ ।

आयातको स्रोतमा पनि ठूलो परिवर्तन आएको छ । एक दशकअघि नेपालमा भित्रिने अधिकांश ओखर भारतबाट आउने गरे पनि अहिले बजारमा चीनको प्रभुत्व देखिएको छ । गत वर्ष आयात भएको कुल ओखरमध्ये ७७ लाख ४५ हजार किलो अर्थात् २ अर्ब ९२ करोड रूपैयाँ बराबरको ओखर चीनबाट आएको छ । त्यसबाहेक चिलीबाट १२ लाख २२ हजार किलो र अमेरिकाबाट ४ लाख ३८ हजार किलो ओखर आयात भएको छ । भारतबाट भने जम्मा ९६१ किलो मात्र ओखर भित्रिएको तथ्यांक छ ।

व्यवसायीहरूका अनुसार पहिले तिहारको भाइटीकामा मात्र बढी खपत हुने ओखर अहिले स्वास्थ्यप्रति बढ्दो चेतनासँगै वर्षभरि माग हुने खाद्यवस्तु बनेको छ । तर आयातमा आएको अस्वाभाविक वृद्धिको कारण केवल आन्तरिक उपभोग मात्र नभएको उनीहरूको भनाइ छ । भारतले आˆना कश्मीरी किसानको संरक्षणका लागि अमेरिका, चीनलगायत तेस्रो मुलुकबाट आउने ओखरमा १०० देखि १२० प्रतिशतसम्म भन्सार महसुल लगाएको छ । नेपालमा भने ओखर आयात गर्दा १० प्रतिशत भन्सार महसुल र १३ प्रतिशत मूल्य अभिवृद्धि कर ( भ्याट) मात्र लाग्ने भएकाले नेपाल हुँदै भारततर्फ पुनः निर्यात हुने सम्भावनालाई पनि सरोकारवालाले नकारेका छैनन् ।

यता नेपालमै कर्णाली, गण्डकी र सुदूरपश्चिमका २० भन्दा बढी जिल्लामा ओखर खेती विस्तार हुँदै गएको छ । प्रदेश र स्थानीय सरकारको अनुदानपछि किसानको आकर्षण बढे पनि स्वदेशी उत्पादनले अझै बजारको माग धान्न नसक्दा आयातमा निर्भरता निरन्तर बढिरहेको छ ।

# सुत्केरी बिदा ६ महिना बनाउने सरकारको तयारी

दमक/ सरकारले सुत्केरी बिदा ९८ दिनबाट बढाएर ६ महिना दिने तयारी गरेको छ । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकमा यस्तो प्रस्ताव गरिएको हो । सुत्केरी बिदा थप तीन महिना बढाएर ६ महिनाको बनाउने गरी प्रस्ताव गरिएको यो विधेयक स्वास्थ्य मन्त्रालयले पारित गरी सर्वसाधरणको राय र सुझावका लागि सार्वजनिक गरिएको छ ।

अब यो विधेयक पारित भएमा सरकारी कार्यालयमा मात्र नभई निजी संस्थामा कार्यरत महिला कर्मचारीले समेत सुत्केरी बिदा ६ महिनाको पाउनेछन् । श्रम नियमावलीमा भएको व्यवस्थाअनुसार अहिले नेपालमा महिला कर्मचारीलाई सुत्केरी हुनुअघि वा पछि ९० दिनसम्मको तलबसहितको बिदा दिइँदै आएको छ । साथै, पुरूषहरूले समेत तलब भत्तासहित १५ दिन सुत्केरी स्याहार बिदा पाउँदै आएका छन् । यसका साथै सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ को दफा १३ को उपदफा ३ मा बच्चा दुई वर्षको नहुँदासम्म कार्यालय समयमा बच्चालाई दूध खुवाउनको लागि दैनिक आवश्यक व्यवस्था मिलाउन पर्ने व्यवस्थासमेत रहेको छ ।

कम्पनी ऐनको दफा ६ को उपदफा ११ ले समेत कानुनमा उल्लेख भएअनुसार सुत्केरी बिदा दिने व्यवस्था गरेको छ । यसका साथै ऐनको दफा १४ ले अतिरिक्त बिदा दिनुपर्ने व्यवस्थासमेत गरेको छ । दफा १४ मा भनिएको छ, 'सरकारी, गैरसरकारी वा निजी संघ संस्थाले आˆनो कार्यालयमा कार्यरत महिलालाई विशेषज्ञ चिकित्सकको रायबमोजिम प्रजनन स्वास्थ्य रूग्णताको कारणले जटिल शल्यक्रिया गर्नुपर्ने भएमा त्यस्तो शल्यक्रिया हुनुअघि वा पछि कम्तीमा ३० दिनसम्मको तलबसहितको अतिरिक्त बिदा दिनु पर्नेछ ।'

छिमेकी देश भारतमा पनि महिला कर्मचारीलाई तलबसहित २६ हप्ता सुत्केरी बिदा दिने प्रावधान रहेको छ । २६ हप्तामध्ये ८ हप्ता सुत्केरी हुनुअघि नै बिदा बस्न पाउने सुविधा छ भने बाँकी बिदा सुत्केरीपछि मात्रै लिन पाइन्छ । यसका साथै भारतको कानुनले रोजगारदाता र कर्मचारीको सहमतिअनुसार वर्क फर्म होम अर्थात् घरबाटै काम गर्ने सुविधा दिन सक्ने व्यवस्थासमेत गरेको छ ।

यस्तै बंगलादेशको श्रम ऐनले पनि महिला कर्मचारीलाई १६ हप्ताको तलबी बिदाको व्यवस्था गरेको छ । यो बिदा महिला कर्मचारीले सुत्केरी हुनुअघि ८ हप्तासम्म लिन पाउँछन् भने बाँकी ८ हप्ता भने प्रसुति भएपछि मात्रै लिन पाइन्छ । युरोपेली देशहरूमा स्वीडेनलाई उदाहरणको रूपमा लिने गरिन्छ । स्वीडेनले झण्डै ४८० दिनसम्म अभिभावकलाई तलबी बिदा दिने गरेको छ । यो बिदा आमा र बुबाले बाँडेर लिन पनि सक्छन् ।

नर्वेले पनि ४९ हप्तासम्म पूर्ण तलबसहितको प्रसुति बिदा उपलब्ध गराउँदै आएको छ । यसपछि ५९ हप्तासम्म करिब ८० प्रतिशत तलबसहितको बिदा दिने गरेको छ । जापानमा महिलाले बच्चा जन्मनुअघि ६ हप्तासम्म र बच्चा जन्मिएपछि ८ हप्तासम्मको प्रसुति बिदा पाउँछन् । बच्चा जन्मिएपछि आमा वा बुवाले बच्चा १ वर्षको नहुँदासम्म बच्चा हेरचाह बिदा लिन पाउने व्यवस्था रहेको छ भने डे केयरमा ठाउँ नपाएमा बच्चा हेरचाहका लागि जापानले २ वर्षसम्म अभिभावकलाई तलबी बिदा दिने गरेको छ ।

# खिर खाने प्रचलन कसरी सुरु भयो ?



हरेक वर्ष साउन १५ मा खिर खाने नेपाली परम्परा छ । वर्षा ऋतुका बेला असार १५ गते दही, च्युरा र साउन १५ मा खिर खाने प्राचीन कालदेखिको नेपाली परम्परा हो । विशेषगरी नेपालमा धान रोपाइँ कार्य असारदेखि साउन १५ सम्ममा सम्पन्न गरिन्थ्यो ।

खेती कार्यमा ह्रास भएको शक्तिलाई पुनर्जागरण प्रदान गर्नका लागि साउनमा खिर खाने गरेको पाइन्छ । साउने झरी पर्ने बेलामा तातो खिरले स्वास्थ्यलाई राम्रो गर्ने भएकाले पनि खिर खाने गरिएको हो । दूधमा मरमसलालगायत चिजबिज हालेर बनाइने खीरले स्वास्थ्यमा राम्रो गर्ने भएकाले यसको परम्परा बसेको विश्वास गरिन्छ । संस्कृतमा पायस भनिने खीर सात्विक आहारमध्येमा उत्तम मानिने भएकाले पितृ एवं देवकार्यमा पनि महत्वपूर्ण वस्तुका रूपमा वैदिकशास्त्रमा वर्णन गरिएको छ ।

यस्तै साउन महिनामा गाउँघरमा पनि खेतीपातीको काम सकिन्छ । हरियाली बढी हुने भएकाले घाँस बढी पाइन्छ । धेरै घाँस पाइने बेलामा गाई, भैँसीले पनि धेरै दुध दिन्छन् । दूध धेरै भएपछि इष्टमित्र, चेलबेटीलाई घरमा बोलाएर खीर खाने चलन चलेको हो । यस्तै साउन भगवान् शिवको महिना हो । शिवलाई दूध र दूधमा बनेका परिकार मनपर्ने भएकाले विधिपूर्वक चढाइन्छ । यसैले साउनको मध्य पारेर खीर खाने प्रचलन चलेको हुनसक्ने धर्मशास्त्रविद्हरूले उल्लेख गरेका छन् ।

यस्तै विश्वमा खिर खाने प्रचलन १४औँ शताब्दीबाट सुरू भएको पाइन्छ । खिर खाने प्रचलनको सुरुवात छिमेकी मुलुक चीनबाट भएको अनुमान गरिन्छ । खासगरी मध्यपूर्व एसिया, उत्तर अफ्रिका, पश्चिम एसिया, सार्क क्षेत्रमा बढी मात्रामा खिरको प्रयोग हुने गरेको पाइन्छ । युरोप र अमेरिकामा समेत खिरलाई एक विशिष्ट खानाका रूपमा प्रयोग गर्ने गरिएको पाइन्छ ।

नेपालमा ०७७ साल फागुन १५ गते बसेको राष्ट्रिय दुग्ध विकासबोर्डको कार्यकारी समितिको बैठकले यस दिनलाई खिर दिवसका रूपमा मनाउन निर्णय गरेको थियो ।दुग्ध क्षेत्रले नेपाली अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान दिँदै आएको छ । नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान करिब एकतिहाइ (३१.६९ प्रतिशत) रहेको बोर्डले जनाएको छ ।

नेपाली समाजमा असार १५ गते दही, च्यूरा, साउन १५ गते खिर, भदौ १५ गते पोलेको मकै, पुस १५ गते घिउ खट्टे, माघ १५ गते मालपुवालगायत चिजबिज बनाएर इष्टमित्र एवं छोरी चेलीलाई बोलाएर खुवाउने र आफू पनि खाने लौकिक चलन रही आएको छ ।

पछिल्लो समय गाउँघरमा गाई, भैँसी पाल्ने चलन कम हुँदै गएपछि पोषिलो खिरको मौलिक स्वाद भने हराउँदै गएको छ । पहिले(पहिले प्रत्येकको घरमा गाई भैँसी पाल्ने गर्थे । घरमा गाई, भैसी हुनेले दूध, दही, मोही, नौनी खाने चलन थियो, तर त्यो हिजो आजभोलि भने हराउँदै गएको छ । वर्षको एकदिनमात्र परम्परा धान्न र अरूलाई देखाउनकै लागि भएपनि डेरीको दूधमा खिर बनाएर खाने चलन अहिले बढेको छ ।

डेरीको दूधबाट बनाइएको खिरको मौलिक स्वाद भने हुँदैन् । पहिले जस्तो खिरमा मौलिक स्वाद नभएको पुराना पुस्ताहरूको गुनासो छ । साउन १५ मा घरपरिवारका सदस्य भेला भई खिर खाने योजना बनाउने गरिन्छ । नेपाली समाजमा साउन १५ गते खीर, बनाएर इष्टमित्र एवं छोरीचेलीलाई बोलाएर खुवाउने र आफू पनि खाने लौकिक चलन रहँदै आएको छ ।

## सामान्य ज्ञान

**१. नेपाल सरकारले ज्येष्ठ नागरिक स्वास्थ्य बिमा तथा सबै नेपालीको बैंक खाता कार्यक्रम कहिलेबाट सुरू गर्‍यो ?**
उत्तरः २०७६ बैशाख १ गते

**२. पुरातात्विक महत्व बोकेको धार्मिक एवं ऐतिहासिक स्थल किच्चकबध क्षेत्र नेपालको कुन जिल्लामा पर्दछ ?**
उत्तरः झापा

**३.सन् १९२१ मा सगरमाथाको प्रथम आरोहण प्रयास कसको नेतृत्वमा भएको थियो ?**
उत्तरः कर्णेल चार्ल्स हवार्ड बरी (बेलायत)

**४. सन् २०१९ मा मनाइएको विश्व स्वास्थ्य दिवसको नारा के रहेको छ ?**
उत्तरः सवैका लागि स्वास्थ्यः प्रत्येकलाई जहींतहीं

**५. राष्ट्रिय बाघ गणना (२०१८ को तथ्यांक अनुसार हाल नेपालमा बाघको संख्या कति रहेको छ ?**
उत्तरः २३५ वटा (सन् २०13 को गणनामा १९८ वटा)

**६. व्यवसायिक रूपमा पाँचौ पुस्ता सेवा सञ्चालन गर्ने पहिलो देश कुन हो ?**
उत्तरः दक्षिण कोरिया

**७. "लाल चोक" कुन दरबार भित्र रहेको चोक हो ?**
उत्तरः पचपन्न झ्याले दरवार


**८. काजकिस्तानले आफ्नो देशको राजधानीको नाम परिवर्तन गरी के नामाकरण गरेको छ ?**
उत्तरः नुर सुल्तान

**९. ट्युरिङ अवार्ड ( २०१८ बाट सम्मानीत हुने व्यक्ति को हुन् ?**
उत्तरः Geoffrey, Yann Lecun, Yoshua Bengio (कम्प्युटर तर्फको नोवेल पुरस्कार सरह मानिन्छ)

**१० . नेपाल बार एशोसिएसनका हालका अध्यक्ष को हुन् ?**
उत्तरः चण्डेश्वर श्रेष्ठ

## कविताः सन्दर्भः गुरू पूर्णीमा

# उनै हुन् मेरा गुरु



**विमल लामिछाने**

कालो बोर्डमा सेतो खरीले भरेको कखरा लौराले घोच्दै
घोकाउँदा (घोकाउँदा जसको घोक्रो सुकेको छ
तालु तातेर परसम्मको कपाल झरेको छ
र गुरूजस्तै भएर खुल्ला पहिचान बनाएको छ, उनै हुन मेरा गुरू ॥
००
चिलाउनेका दानाको गुच्छा खेल्दा उचेरा गएका मेरा औंला
र होक्सेको फुटबल खेल्दा पक्लक्कै उप्किएका खुट्टाका नङ
सुम्सुम्याउँदै नुनपानीले धुन, तीतेपाती माँड्न, ठाडे उन्यूले लेप्न
र पटुका काटेर बाँध्न जसले सिकायो, उनै हुन् मेरा गुरू ॥
००
गुरूका आँखा छल्दै बेन्चमुनी हात लुकाएर खैनी माड्दा
'अई..' भनेर जसले खवरदारी गर्‍यो र जुरूक्क उठायो,
दुई(दुईको जोडफल चार भएझैं, एङ्गल र ट्रयाङ्गलका हिसाब नमिल्दा
पिसाब चुहिने गरी तिघ्रामा फिट भाँचेर भएपनि जसले साध्य घोकायो
परिधीको सूत्र रटायो, टेन्स र टोनका ट्रायल मिलाईदियो
जसले त्रिकोण बुझ्न त्रिनेत्र खुलाइदियो, उनै हुन् मेरा गुरू ॥
००
बाले शुल्क तिर्न नसकेका बेला, अध्यायन विदाको अघिल्लो दिन
म अफिसको झ्यालमा हरियो ओठ बनाएर पिलपिल गर्दा
'मेरो विद्यार्थी' भनेर जसले धाप मार्न सक्यो
र जमानी बसेर परीक्षाको प्रवेशपत्र दिलायो, उनै हुन् मेरा गुरू ॥
००
म उत्ताउलिएर उफ्रिँदा र बाटो विराउँदा
क्यारामबोडमा बरालिँदा, भद्राक्षे, काफल र चुथ्रोमा भुलिँदा
र गोजीभरी पाङ्गा र रिट्ठा भेटिँदा घुँडा टेकाएर भएपनि
जसले सतमार्गमा हिड्न सिकायो, उनै हुन मेरा गुरू ॥
००
गुरूकुलमा नसिकेको विज्ञान र मदर टोनमा नभएको अंग्रेजी
फरर पढ्न नसक्दा शिक्षा नियमावली पल्टाएर
शिक्षण विधीको उच्च कला प्रयोग गर्दै कलिला हातमा
मालुबाँसे भाटाले सुम्ला उठ्ने गरी हानेर प्रत्येक दिन
मलाई बालशिक्षा जसले रटायो, उनै हुन् मेरा गुरू ॥
००
ह्रस्व र दीर्घको सीमा कोरेर स्वास्थ्यको वीमा गर्न
सत्संगीसँग प्रिति गाँस्न र वर्गीय चेत भर्न
भूगोलको रेखांमा उत्तर र दक्षिणमा जंगे पिलर गाड्न
अनि, छाती चौडा बनाएर माटोमा देशभक्ति लेख्न र देख्न
निर्धक्कसँग जसले मलाई सिकायो, उनै हुन् मेरा गुरू ॥
००

## मनोरञ्जन

# सिड्नीमा "मालती मंगले"को विशेष प्रदर्शनी

दमक/ गायक रामकृष्ण ढकालले निर्माण गरेको फिल्म 'मालती मंगले'को अस्ट्रेलियाको सिड्नीमा रेडकार्पेट प्रिमियर गरिएको छ । सिड्नीको पारमाटा रोडस्थित ग्रान्ड प्यालेस सेन्टरमा गायक ढकालको लाइभ सांगीतिक प्रस्तुतिसँगै फिल्मको रेडकार्पेट प्रिमियर शो आयोजना गरिएको हो ।

'मालती मंगले' र रामकृष्ण ढकालको लाइभ ब्यान्ड सांगीतिक प्रस्तुति हेर्न अस्ट्रेलियामा रहेका नेपालीहरूको बाक्लै उपस्थिति थियो । डिनरसहितको विशेष व्यवस्था गरिएको उक्त शोका लागि प्रतिव्यक्ति १०० अस्ट्रेलियन डलर टिकट दर राखिएको थियो । आयोजकले सुरूमा २०० जना दर्शकको अपेक्षा गरेको भएपनि कार्यक्रममा झन्डै ३०० जना उपस्थित भएको गायक ढकालले बताए ।

विशेष थिएटरको स्वरूपमा तयार पारिएको भेन्युमा भएको 'मालती मंगले'को विशेष प्रदर्शनीमा सिड्नीमा बसोबास गर्ने प्रतिष्ठित व्यक्तित्व, व्यवसायी, विद्यार्थी लगायत नेपाली समुदायको सहभागिता थियो । फिल्मको विशेष प्रदर्शनअघि गायक ढकालले आˆना लोकप्रिय गीतहरूमार्फत दर्शकलाई मन्त्रमुग्ध पारेका थिए ।

प्रकु पाण्डेले निर्देशन गरेको फिल्ममा विजय बराल, वर्षा राउत र मेक्सम गौडेलको मुख्य भूमिका छ । फिल्म वैशाख २५ मा नेपालमा रिलिज भएको थियो । अभावबिच पनि आत्मीय प्रेमले हाँसीखुसी जीवन बिताइरहेको ग्रामीण दम्पतीको जीवनमा जब सामाजिक भ्रमले कब्जा जमाउँछ, तब आपसमा आउने असमझदारी र उतारचढावको कथा 'मालती मंगले'ले प्रस्तुत गर्छ ।

रानी फिल्म्सको प्रस्तुति रहेको 'मालती मंगले'मा प्रकाश घिमिरे, सुवर्ण थापा, उमेश सुनाम, सुस्मा निरौला र सरिता गिरी तथा बाल कलाकारहरू नरिन थापा र मन्सु सापकोटाले समेत अभिनय गरेका छन् ।

## दैनिक राशिफल

आज मिति २०८३ साल साउन १४ गते बिहीबार 30 July 2026 तिथि: प्रतिपदा



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगाना: क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | धर्ममा रुची, आम्दानीमा कमी । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | अंगमा समस्या, आकस्मात केही लाभ । |
| मिथुन | का कि कु घ ङ छ के को हा | जीवनसाथीबाट सहयोग, आम्दानी बढ्ने । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | कृषि कार्यबाटलाभ, आम्दानीमा बृद्धि । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | मनमा अशान्ति, आम्दानीमा कमी । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | आफन्तसँग विवाद, मालसामान हराउने । |
| तुला | रा री रु रे रो ता ती तु ते | आँट हिम्मत बढ्ने, पढाईमा रुची । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | बोलीले शत्रु बढ्ने, खर्च बढ्ने । |
| धनु | य यो भा भी भ धा फा ढ भे | पाहुना सत्कार, आम्दानीमा सामान्य लाभ । |
| मकर | भो जा जी खि खू खे खो गा गी | खर्च बढ्ने, कारोबारमा विवाद । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | कारोबारमा सफलता, आफन्तबाट सहयोग । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | पिताजीबाट सहयोग, व्यापारबाट लाभ । |

# सुनसरीमा तेस्रो दिन पनि कर्फ्यु जारी, जनजीवन प्रभावित



**इनरुवा/** सुनसरीका विभिन्न स्थानमा तेस्रो दिन बुधबार पनि अनिश्चितकालीन कर्फ्यु आदेश जारी रहेको छ। बिहानैदेखि कर्फ्युका कारण बजार, कलकारखाना र सवारीसाधन बन्द हुँदा यस क्षेत्रको जनजीवन प्रभावित भएको छ।

जिल्ला प्रशासन कार्यालय सुनसरीले प्रभावित क्षेत्र तथा जिल्लाका १० स्थानीय तहमा कर्फ्यु आदेशलाई निरन्तरता दिएको छ। प्रशासनले धरान उपमहानगरपालिका र बराहक्षेत्र नगरपालिकाबाहेकका दक्षिणी १० स्थानीय तहमा अर्को सूचना जारी नभएसम्मका लागि निषेधाज्ञा जारी गरेको हो।

सुनसरीका प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालको आदेशअनुसार स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (क) बमोजिम तोकिएका क्षेत्रमा चार जनाभन्दा बढी व्यक्ति भेला हुन, जुलुस, प्रदर्शन, सभा, बैठक तथा धर्नाजस्ता गतिविधि गर्न निषेध गरिएको छ।

प्रशासनका अनुसार इटहरी उपमहानगरपालिका (वडा नं. १६ र १७ अन्तर्गत महेन्द्र राजमार्गको २०० मिटर दायाँ-बायाँ क्षेत्र), रामधुनी नगरपालिका (वडा नं. १ र ५ अन्तर्गत महेन्द्र राजमार्गको २०० मिटर दायाँ-बायाँ क्षेत्र) तथा इनरुवा, दुहबी, भोक्राहा नरसिंह, कोशी, गढी, देवानगन्ज, हरिनगर र बर्जु गाउँपालिकाका सम्पूर्ण क्षेत्रमा निषेधाज्ञा लागू गरिएको छ।

निषेधाज्ञा वा कर्फ्यु आदेश उल्लंघन गर्ने व्यक्तिलाई प्रचलित कानुनबमोजिम एक हजार रुपियाँसम्म जरिवाना वा एक महिनासम्म कैद, अथवा दुवै सजाय हुन सक्ने प्रशासनले जनाएको छ। आदेश विपरीत गतिविधि गरेमा कडा कारबाही गरिने सूचनामार्फत जानकारी गराइएको छ। विगत तीन दिनदेखिको बन्द र तनावका कारण यस क्षेत्रको जनजीवन निकै कष्टकर बनेको छ।

# युवा आन्दोलनले मोदी सरकारलाई दबाब

**एजेन्सी/** भारतभर फैलिएको युवा नेतृत्वको आन्दोलनले प्रधानमन्त्री नरेन्द्र मोदी सरकारलाई दुर्लभ रूपमा पछि हट्न बाध्य बनाएको छ। विश्लेषकहरूले यसलाई एक दशकभन्दा बढी समयदेखि निर्माण गरिएको मोदीको अटल राजनीतिक छविमाथिको सबैभन्दा ठूलो चुनौतीका रूपमा व्याख्या गरेका छन्।

गत साता 'ककरोच जनता पार्टी' (सिजेपी) नामक अनलाइन अभियानबाट सुरु भएको आन्दोलन नयाँदिल्लीबाट देशका विभिन्न सहरमा फैलिएको थियो। बढ्दो दबाबपछि शिक्षामन्त्री धर्मेन्द्र प्रधानले राजीनामा दिएका थिए भने सरकारले आन्दोलनका क्रममा पक्राउ परेका प्रदर्शनकारीविरुद्ध मुद्दा नचलाउनेलगायत केही माग सम्बोधन गर्न सहमति जनाएको छ।

विश्लेषकहरूका अनुसार सन् २०१४ मा प्रधानमन्त्री बनेयता सार्वजनिक दबाबका कारण सरकारलाई यसरी पछि हट्नुपरेको घटना विरलै देखिएको छ। आगामी वर्ष हुने महत्त्वपूर्ण राज्य निर्वाचनअघि आएको यो घटनाले प्रधानमन्त्री मोदीको राजनीतिक प्रभावमा प्रश्न उठाएको उनीहरूको भनाइ छ।

प्रधानमन्त्री मोदीका जीवनीकार तथा राजनीतिक विश्लेषक निलाञ्जन मुखोपाध्यायले शिक्षामन्त्रीको राजीनामालाई अप्रत्याशित घटनाका रूपमा चित्रण गर्दै यसले 'ब्रान्ड मोदी' लाई विगत २५ वर्षयताकै सबैभन्दा ठूलो धक्का दिएको बताए। उनका अनुसार मोदीको राजनीतिक शैली सामान्यतः दबाबमा पछि नहट्ने खालको रहँदै आएको छ।

# इसाई समाजको रक्तदानमा १०२ पिन्ट रगत संकलन



**दमक/** दमक नगर इसाई समाजले मंगलवार आयोजना गरेको रक्तदानमा १०२ पिन्ट रगत संकलन भएको छ। विश्व रक्तसञ्चार स्थापना दिवसको अवसर पारेर आयोजना गरिएको वृहत रक्तदानमा ४० महिलासहित कुल १०२ जनाले रक्तदान गरेका कार्यक्रम संयोजक युवराज गजमेरले जानकारी दिए। उक्त रक्तदान इसाई समाजको ४८ औं पटक हो।

समाजले आफनो बार्षिक कार्यक्रम अन्तर्गत हरेक बर्ष रक्तदान कार्यक्रम गरिआएको अध्यक्ष हेमन्त सुब्बाले जनाएका छन्। रक्तदानमा इसाई धर्मावलम्बीहरू, विभिन्न सामाजिक संघसंस्थाम प्रतिनिधिहरू लगायतको उपस्थिति रहेको थियो।

सो अवसरमा धार्मिक सहिष्णुता, मानवीय सेवा र सामाजिक उत्तरदायित्वलाई प्रवर्द्धन गर्ने उद्देश्यले यस वर्ष पनि रक्तदानसहित सम्मान कार्यक्रमलाई निरन्तरता दिईएको समाजका पूर्व अध्यक्ष आकाश थुलुङले बताए। रक्तदानमा सहभागिहरूलाई मायाको चिनोस्वरूप फूलको विरूवाहरू हस्तान्तरण गरिएको थियो।

दमक नगरपालिकाका प्रमुख रामकुमार थापाको प्रमुख आतिथ्यता तथा उपप्रमुख रेगिना भट्टराई प्रसाईको बिशेष आतिथ्यमा सम्पन्न कार्यक्रममा समाजका पूर्वअध्यक्ष तथा अन्तरधार्मिक शान्ति सञ्जाल झापाका अध्यक्ष राजकुमार नाछिरिङ राईले शान्ति प्रार्थना गरी कार्यक्रमको शुभारम्भ गरेका थिए। रक्तदान कार्यक्रममा बोल्दै उनीहरूले रक्तदानलाई जीवनदानको अभियानका रूपमा निरन्तर अगाडि बढाउँदै धार्मिक सहिष्णुता, सामाजिक सद्भाव र मानवीय सेवाको संस्कृतिलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गरे।

**खेलाडीसहित विद्यार्थीहरू पुरस्कृत**

सोहि अवसरमा समाजले एक जना खेलाडीसहित तीन विद्यार्थीलाई पुरस्कृत गरेको छ। समाजले आफना सदस्यका परिवारबाट २०८२ सालको एसईई परीक्षामा उत्कृष्ट अंकसहित उत्तीर्ण भएका तीन विद्यार्थीहरूलाई सम्मान गरिएको थियो। एसईईमा उत्कृष्ट जीपीए ल्याउने नाओमी मोहरा (३.५४), रेविका लावती (३.५०) र माहेल राई (३.२९) लाई नगदसहित सम्मान गरिएको छ। साथै, राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा तेक्वान्दोतर्फ रजत पदक जित्न सफल दमक-५ निवासी रेशिका धिमाललाई नगद १० हजार पुरस्कारसहित प्रशंसापत्र प्रदान गरी सम्मान गरिएको सचिव अजय पाठकले बताए।

# चौध लाख क्युविक फिट गोलिया निकासी



**ताप्लेजुङ/** डिभिजन वन कार्यालय ताप्लेजुङबाट आर्थिक वर्षमा कुल १४ लाख २२ हजार क्युविक फिट गोलिया काठ निकासी भएको छ। वन अधिकृत ललितकुमार यादवका अनुसार जिल्लाका विभिन्न क्षेत्रका निजी वनबाट उक्त गोलिया काठ निकासी गरिएको हो। ताप्लेजुङमा पछिल्लो एक वर्षको अवधिमा चौध लाख क्युविक फिट बढी गोलिया काठ निकासी भएको छ। एक वर्षको अवधि अर्थात गत आर्थिक वर्ष २०८२-८३ मा ताप्लेजुङबाट उक्त परिमाणमा गोलिया काठ निकासी भएको उनले बताए।

यता, गोलिया काठ निकासीबाट गत आवमा पाँच करोड ९१ हजार ९२ रूपियाँ राजस्व रकम संकलन भएको छ। कुल रकममध्ये मूल्य अभिवृद्धि करबापत चार करोड २९ लाख ७१ हजार ४८ रूपियाँ र प्रदेश सेवा शुल्कबापत ७१ लाख २० हजार ४४ रूपियाँ राजस्व रकम संकलन भएको छ। सबैभन्दा बढी उत्तिस जातको काठ निकासी भएको छ। उत्तिसपछि मतालो, चिलाउने, कटुसलगायत प्रजातिका काठहरू निकासी गरिएको डिभिजन वन कार्यालयले जनाएको छ।

# कर्णालीका मुख्यमन्त्री बने मंगलबहादुर शाही



**दमक/** कर्णाली प्रदेशका नवनियुक्त मुख्यमन्त्री मंगलबहादुर शाहीले बुधबार पद तथा गोपनीयताको शपथ लिएका छन्। वीरेन्द्रनगरस्थित प्रदेश प्रमुखको कार्यालयमा आयोजित समारोहमा प्रदेश प्रमुख यज्ञराज जोशीले शाहीलाई पद तथा गोपनीयताको शपथ गराएका हुन्। नेपाली कम्युनिस्ट पार्टी (नेकपा) संसदीय दलका नेता शाही मंगलबार नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेशको पाँचौं मुख्यमन्त्री नियुक्त भएका थिए। ४० सदस्यीय कर्णाली प्रदेश सभामा सरकार गठनका लागि २१ सांसदको समर्थन आवश्यक पर्छ। हाल नेकपाका १४ र एमालेका १० (सभामुखसहित) गरी २४ सांसदको समर्थन शाहीलाई रहेको छ। यसअघि शाहीले कर्णाली प्रदेश सरकारमा भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्रीको जिम्मेवारी सम्हालिसकेका छन्। साउन ९ गते नेकपा संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र एमाले अध्यक्ष केपी शर्मा ओलीबीच भएको तीनबुँदे सहमतिअनुसार प्रदेश सरकारको नेतृत्व बाँडफाँट गर्ने समझदारी बनेको थियो।

# साना उद्योग दर्ता गर्ने बढे

**ताप्लेजुङ/** ताप्लेजुङमा पाँच दर्जन नयाँ उद्योग दर्ता भएका छन्। पछिल्लो एक वर्षको अवधिमा घरेलु तथा साना उद्योग कार्यालयमार्फत उक्त संख्यामा उद्योगहरू दर्ता भएका हुन्। घरेलु तथा साना उद्योग कार्यालय ताप्लेजुङका अनुसार गत आर्थिक वर्षमा विभिन्न उद्देश्यका पाँच दर्जन अर्थात ६० वटा नयाँ उद्योग दर्ता भएका छन्। गत आवमा एक कम्पनी र ५९ वटा निजी फर्म दर्ता भएको घरेलु तथा साना उद्योग कार्यालयका सूचना अधिकारी नवीन भट्टराईले जानकारी दिए।

दर्ता भएकामध्ये सबैभन्दा बढी कृषि तथा वन पैदावारसँग सम्बन्धित २८ उद्योग रहेका छन्। यस्तै सेवामुलक १९ वटा, पर्यटनसम्बन्धी सात, उत्पादनमुलक चार र सूचना प्रविधिमा आधारित दुईवटा नयाँ उद्योग दर्ता भएका छन्।

वाणिज्य प्रशासन अर्थात व्यापारतर्फ २५ वटा नयाँ फर्म दर्ता भएका छन्। वाणिज्यका १०६ वटा फर्मको नवीकरण, केही फर्मको पुँजीवृद्धि र उद्देश्य थप गरिएको छ। वाणिज्य प्रशासनतर्फका १२ वटा उद्योग खारेज भएको पनि घरेलु तथा साना उद्योग कार्यालयले जनाएको छ। नयाँ उद्यम गर्न चाहने २३६ जनालाई उद्योग कार्यालयले सीपसम्बन्धी तालिम प्रदान गरेको छन् भने सीप प्राप्त गर्नेमा १४० जना पुरूष र ९६ जना महिला रहेका छन्।

***मानव*.....** असमानता तथा सीमावर्ती क्षेत्रको खुला आवतजावतका कारण महिला, बालबालिका र युवाहरु बेचबिखनको उच्च जोखिममा पर्ने गरेका छन्। सरोकारवाला निकायले समुदायस्तरमै सचेतना, सुरक्षित आप्रवासन, प्रभावकारी कानुन कार्यान्वयन र पीडितको पुनःस्थापनामा जोड दिएका छन्।

दिवसका अवसरमा मानव बेचबिखन नियन्त्रणका लागि सरकार, सुरक्षा निकाय, नागरिक समाज, सञ्चारमाध्यम र आम नागरिकबीच सहकार्य अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याइएको छ। साथै, शंकास्पद गतिविधिको समयमै जानकारी गराउने र पीडितको अधिकार संरक्षणमा सबै पक्ष जिम्मेवार हुनुपर्नेमा जोड दिइएको छ।

# भद्रपुरमा करेन्ट लागेर महिलाको मृत्यु

भद्रपुर। झापाको भद्रपुर नगरपालिका-४ मा हात्ती धपाउनका लागि आफ्नै बारीमा जडान गरिएको नाङ्गो विद्युतीय तारमा करेन्ट लाग्दा एक महिलाको मृत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालय झापाका अनुसार स्थानीय लाखबहादुर लिम्बूकी ६५ वर्षीया पत्नी सनज्योति लिम्बूको बिहान करिब ९ बजे करेन्ट लागेर घटनास्थलमै मृत्यु भएको हो।

प्रहरीका अनुसार लिम्बूलाई करेन्ट लागेर लडिरहेको अवस्थामा बुहारी सविता खड्काले देखेपछि बिहान करिब ११ बजे महेशपुर प्रहरीचौकीमा खबर गरेकी थिइन्। सूचना प्राप्त हुनासाथ प्रहरी निरीक्षक विशाल श्रेष्ठको नेतृत्वमा प्रहरी टोली घटनास्थल पुगेको थियो। प्रहरी पुग्दासम्म लिम्बूको मृत्यु भइसकेको थियो। घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

***सिचाइ*......**

फाकफोकथुम-२ का अर्का किसान भक्तिप्रसाद लुइँटेलले पनि कृषकलाई सहज भएको बताए। स्थानीय राई कुलो सिँचाइ उपभोक्ता समितिका अध्यक्षसमेत रएका लुइँटेलले सिँचाइका लागि नसोचेको उपलब्धि भएको बताए। 'सधैँ सुक्खा हुन्थ्यो, खानेपानीको त समस्या हुन्थ्यो, सिँचाइ गर्न कल्पना पनि थिएन। अहिले त यो कुलोले करिब एक सय घर किसानले सिँचाइ गर्न थालेका छन्।'

यो कथा फाकफोकथुम गाउँपालिकाको मात्र होइन सुक्खा क्षेत्रमा बस्ने इलाम र पाँचथरसहित कोशी पहाडका हजारौँ किसानसँग जोडिएको छ। स्विस सरकार विकास सहयोग परियोजना अन्तर्गत कोशी पहाडमा निर्माण सम्पन्न भएका सिँचाइ योजनाले धेरै किसानलाई राहत मिलेको पाइएको छ। परियोजनाले इलाम, पाँचथर, ओखलढुङ्गा, उदयपुर, धनकुटालगायतका कोशीका आठ जिल्लाका ५९ पालिकामा एक हजार चार सय ४० सिँचाइ योजना निर्माण सम्पन्न भएको जनाएको छ। कुल पाँच अर्ब तीन करोड रूपियाँको परियोजनाबाट २५ हजार ९३ हेक्टरमा सिँचाइ सुविधा पुगेको जनाइएको छ। सिँचाइ योजनाहरू निर्माण भएसँगै पहिलाको भन्दा १३ हजार ४८ हेक्टर बढी जमिनमा खेती हुन थालेको जनाइएको छ। यसबाट ६१ हजार ४० घरपरिवार लाभान्वित भएका छन्। इलाम र पाँचथरका १४ पालिकामा मात्र दुई अर्ब २५ करोड रूपियाँमा योजना निर्माण भएको छ। त्यसबाट दस हजार १७२ हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ।

***लयमा*......** अझै कायमै रहेको देखाउँछ।

यसैगरी, कात्तिक, चैत र फागुन जस्ता महिनामा पर्यटकको आगमन उच्च रहनु र असार, साउन, जस्ता महिनामा काँकरभिट्टा नाकामा आगमन दुई सय १६ मा सीमित हुनुले नेपालको पर्यटन अझै पनि मौसममा अत्यधिक निर्भर रहेको प्रमाणित गर्छ। वर्षात् वा अन्य अनुकूल नमानिने समयमा पर्यटक आकर्षित गर्ने विशेष प्याकेज र बजारीकरणको अभाव स्पष्ट देखिन्छ।

सरकारले सन् २०२७ लाई 'आरोग्य पर्यटन वर्ष' घोषणा गरिरहँदा र पर्यटन बोर्डले उच्च खर्च गर्ने पर्यटक आकर्षित गर्ने लक्ष्य राख्दा केवल संख्या बढाएर मात्र पुग्दैन। काँकरभिट्टाबाट भित्रिने पर्यटकलाई झापा र इलाम हुँदै कञ्चनजंघा क्षेत्रसम्म पुऱ्याउने पर्यटकीय रूटको विकास, चीन, अस्ट्रेलिया र बंगलादेश जस्ता उदीयमान बजारमा सिधा हवाई उडान तथा लक्षित प्रवर्द्धन, र सीमा नाकाका पूर्वाधारको सुधार अबको प्राथमिकता हुनुपर्छ।

गत आर्थिक वर्षको तथ्यांक उत्साहजनक भए पनि पर्यटनलाई अर्थतन्त्रको दिगो आधार बनाउन संख्यात्मक वृद्धिसँगै पर्यटकको बसाइ अवधि बढाउने, खर्च बढाउने र पर्यटकीय गन्तव्यहरूको विकेन्द्रीकरण गर्ने रणनीतिमा राज्य र निजी क्षेत्रको ध्यान केन्द्रित हुन अपरिहार्य देखिन्छ।

***दमकमा*....** दाहालका अनुसार बार्षिक रक्तदान हुदैआएको अनुपातलाई हेर्ने हो भने दमकमा मासिक ६ सय जति पिन्ट रगत संकलन हुदैआएको छ। दमकमा २०५५ सालदेखि नेपाल रेडक्रस सोसाईटीले रक्तसञ्चार सेवा केन्द्र सञ्चालन हुदैआएको छ। दमकको यस केन्द्रले संकलन गर्ने रगत मध्ये दमकबाहेक विर्तामोड ,विराटनगर र धरानका अस्पतालहरूमा खपत हुदैआएको छ। यी मध्ये सवैभन्दा धेरै विराटनगरका अस्पतालहरूमा धेरै रगत खपत हुदै आएको उक्त प्रयोगशालाकी इन्चार्ज उमा श्रेष्ठले जानकारी दिईन्।

***पुरानो*......**

सुनसरीको इटहरी-८ का ३५ वर्षीय साबिर मियाँलाई नियन्त्रणमा लिई अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक रञ्जन अवाका अनुसार ठगी गर्ने समूहले पुराना तथा धार्मिक आकृति भएका सिक्काहरू विदेश वा बजारमा करोडौं मूल्यमा बिक्री हुने भन्दै सर्वसाधारणलाई प्रलोभनमा पार्ने गरेका छन्। सुरुमा विश्वास दिलाउन सिक्का देखाउने र त्यसपछि सिक्का परीक्षण वा खरिद प्रक्रियाको बहानामा रकम असुलेर ठगी गर्ने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। अधिकांश पीडितहरूले कानुनी जटिलता वा लाजका कारण उजुरी नगर्दा यस्ता गिरोह थप सलबलाउने गरेको प्रहरीले जनाएको छ।

***दुई*.....** प्रहरीले जनाएको छ। शवलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी पोस्टमार्टमका लागि पठाइएको छ भने घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक रञ्जन अवाले जानकारी दिए।

उनका अनुसार मंगलवार साँझ करिब ६ बजे बिर्तामोड-भद्रपुर सडकखण्डअन्तर्गत रहेको देउनिया पुलमुनि एक पुरूषको शव फेला परेपनि अझैसम्म पहिचान खुल्न सकेको छैन्। मृतकको परिचय खुल्न बाँकी रहेको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

***सुनसरी*....**

सबै नागरिकलाई संयमता अपनाउन आग्रह गरिएको छ। अफवाह, घृणास्पद अभिव्यक्ति र उत्तेजनात्मक गतिविधिबाट टाढा रहन तथा सबै विवादको समाधान शान्तिपूर्ण संवाद र सहमतिबाट खोज्नुपर्नेमा जोड दिइएको छ।

अपिलमा प्रदेश, जिल्ला र स्थानीय तहमा सर्वदलीय तथा सर्वपक्षीय बैठक आयोजना गरी धार्मिक अगुवा, नागरिक समाज र स्थानीय प्रशासनसँग समन्वय बढाउन आग्रह गरिएको छ। साथै, सामाजिक सञ्जालको जिम्मेवारीपूर्ण प्रयोग, सञ्चारमाध्यमबाट तथ्यपरक सूचना सम्प्रेषण तथा सरकारले निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही, पीडितलाई राहत र क्षतिपूर्ति उपलब्ध गराउन माग गरिएको छ।

बैठकपछि रास्वपा सभापति रवि लामिछानेले राष्ट्रिय संकटका बेला राजनीतिक मतभेदभन्दा राष्ट्रिय हितलाई प्राथमिकता दिनुपर्ने बताए। कांग्रेस सभापति गगन थापाले सामाजिक सद्भाव पुनःस्थापनाका लागि सरकार सक्रिय हुनुपर्ने धारणा राखे भने नेकपा संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले निष्पक्ष अनुसन्धानमार्फत सत्यतथ्य सार्वजनिक गर्नुपर्ने बताए। एमाले महासचिव शंकर पोखरेलले सुरक्षा व्यवस्थाको समीक्षा र स्थानीय तहसम्म संवाद विस्तार गर्नुपर्नेमा जोड दिए।

अन्य दलका नेताहरूले पनि सरकारले घटनालाई गम्भीरतापूर्वक लिएर निष्पक्ष छानबिन गर्न, सुरक्षा निकायले संयमता अपनाउन र सामाजिक सद्भाव कायम गर्न प्रभावकारी पहल गर्नुपर्नेमा जोड दिएका छन्। सरकारका तर्फबाट अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बैठकका सुझाव कार्यान्वयनका लागि सरकार प्रतिबद्ध रहेको बताएका छन्।




प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२, प्रबन्धक: सुवासचन्द्र भट्टराई, मुद्रण: ज्योति अफसेट प्रेस, कार्यकारी सम्पादक: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com ले-आउट: सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल